# चेपाङ्गमहिला सशक्तिकरणका निम्ति सामाजिक जवाफदेहिता तथा सामाजिक परिचालन

# प्रशिक्षक प्रशिक्षण

**२०७२ बैशाख १२ दैखि १५, चितवन**




**आयोजक** **सहयोग**

DEVELOPMENT EXCHANGE CENTER NEPAL

UNDEF The United Nations Democracy Fund

## विषयसूची


**१.तालीमको संक्षिप्त विवरण** 4

*१.१ तालीमको उद्देश्य* 4

*१.२ सहभागीता* 4

*१.३ तालिम सञ्चालन पूर्वका प्रक्रियाहरु* 5

**२.पहिलो दिन (२०७२ बैशाख १२ गते)** 5

*२.१ तालीमको समुद्घाटन* 5

*२.२ तालीमको शुरुवात* 10

२.२.१ परिचय 111

२.२.२ आशा तथा डर संकलन 11

२.२.३ तालीमको नियमहरु 12

२.२.४ व्यवस्थापन समिति निर्माण 12

२.२.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण 12

२.२.६ प्राकृतिक र सामाजि लैङ्गिकता 13

२.२.७ महिला र पुरुषको फरक पहुँच र नियन्त्रणको अवस्था 14

२.२.८ समता र समानता 15

२.२.९ महिला सशक्तिकरण भनेको के हो ? 16

२.२.१० अर्थपुर्ण सहभागिताका 17

**३ तालीमको दोश्रो दिन (२०७२ बैशाख १३ गते)** 17

*३.१ शुशासन के हो ?* 18

*३.२ विकास के हो र किन ?* 19

*३.३ सामाजिक जवाफदेहिता* 20

३.३.१ सामाजिक जवाफदेहिताका विधिहरु 21

३.३.२ सामुदायिक अंक पत्र 21

**४. तालीमको तेश्रो दिन (२०७२ बैशाख १३ गते)** 22

*४.१ विकेन्द्रीकरण, सङ्घीय शासन प्रणाली र स्थानीय सरकार* 23

*४.१ सार्वजनिक सुनुवाई अभ्यास* 24

*४.२ सामाजिक परिचालन* 25

**५ . तालीमको चौथो तथा अन्तिम दिन** **26**

*५.१ चेपाङ्ग महिला पैरवी मञ्च* *26*

*५.२ परियोजनाको अपेक्षित उपलब्धी* *27*

*५.३ तालीम समापन समारोह* *27*

# १.तालीमको संक्षिप्त विवरण

“स्थानिय सुशासन प्रवद्धनकालागि चेपाङ्गमहिलाहरुलाई परिवर्तन संवाहकको रुपमा स्थापना गर्ने” (Reinforcing women of chepang community as change agents for promoting local governance in Nepal) परियोजना यूनाइटेड नेशन डेमोक्रेसी फण्ड (ग्ल्म्ँ० को सहयोगमा डेभलम्मेन्ट एस्चेज सेन्टर नेपाल ९म्भ्ऋ( ल्भउबि०, चितवनले १ जनवरी २०१५ देखि ३१ डिसेम्बर २०१६ सम्म चितवन जिल्लाका चेपाङ बस्ती भएका विभिन्न ६ गा.वि.सहरु चण्डी भञ्ज्याङ, काउले, कोराक, लोथर, सिद्धि र शक्तिखोरमा सञ्चालन गर्दैआएको छ । उक्त परियोजना अर्न्तगत प्रत्येक गा.वि.सबाट ३ जना चेपाङ अगुवा महिलाहरुलाई छनौट गरी बैशाख १२ देखि १५सम्म डेक नेपालको आयोजनमा ४ दिने **चेपाङ्गमहिला सशक्तिकरणका निम्ति समाजिक जवाफदेहिता तथा सामाजिक परिचालन प्रशिक्षक प्रशिक्षण** सञ्चालन गरिएको थियो ।

## १.१ तालीमको उद्देश्य

- चेपाङ्गमहिला नेतृत्वक्षमताको विकासकालागि दक्ष सहजकर्ताको चयन गरी सामाजिक परिचालनकालागि उनीहरुको क्षमता अभिबृद्धि गर्ने ।
- स्थानीय स्वायत्त शासनको विभिन्न पक्षमा चेपाङ्ग महिलाहरुको ज्ञान र शिपको अभिबृद्धी गर्ने ।
- स्थानिय योजनातजुमा र कार्यान्वयनको प्रक्रियामा चेपाङ महिलाहरुको सहभागिता अभिबृद्धी गर्ने ।
- स्थानिय सरकारी निकाय र चेपाङ्गमहिलाहरुको सहभागिता अभिबृद्धी गर्ने ।
- स्थानिय सरकारी निकाय र चेपाङ्गमहिलाहरु विच नियमित संवाद र सहकार्यमा अभिबृद्धी गर्ने
- स्थानिय सुशान प्रवर्धनकोलागि सरोकारवाला निकाय र सेवाग्राहीहरु विच जवाफदेहीता अभिबृद्धि गर्ने

## १.२ सहभागीता

परियोजना लागु भएका विभिन्न ६ वटा गा.वि.सहरुबाट छनौट भई आएका १८ जना चेपाङ्ग महिलाहरुलाई स्थानीयश्रोत व्यक्तिको रुपमा क्षमताअभिबृद्धि गर्नकोलागि डेक नेपाल चितवनले २०७२ बैशाख १२ देखि १५ सम्म ४ दिने चेपाङ्गमहिला सशक्तिकरणका निम्ति समाजिक जवाफदेहिता तथा सामाजिक परिचालन प्रशिक्षक प्रशिक्षण डेक नेपाल, सौराह, चितवनमा आयोजना गरिएको थियो । यस तालिममा १८ जना चेपाङ महिलाहरु, ३ जना नेपाल चेपाङ संघका अगुवा पुरुषहरु गरी जम्मा २१ जनाको सहभागीता रहेको थियो ।

## १.३ तालिम सञ्चालन पूर्वका प्रक्रियाहरु

उक्त तालिम सञ्चालन पूर्व कार्यक्रम संचालन गर्ने ६ वटै गाविसहरुमा गएर तालीम आवश्यकता पहिचान फारम भरेर तथ्याङ्क संकलन गरी उपलब्ध तथ्याङ्कको आधारमा कार्यक्रम संचालन गर्ने गाविसहरुमा तालिम आवश्यकता पहिचान गरियो । त्यस पश्चात नेपाल चेपाङ संघ जिल्ला शाखा चितवन, गाविस कार्यलयहरु र स्थानिय संघ संस्थाको सहयोगमा १८ जना चेपाङ महिला स्थानिय सहजकर्ताहरुको छनौट गरियो । सहभागीहरुको छनौट प्रक्रिया पुरा गरिसकेपछि स्थानिय सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरुसंग छलफल गरेर कार्यक्रममा सहभागीता जनाउनको लागी उपयुक्त समय तोकेर स्थानिय सहजकर्ताहरु लगाएत सरकारी तथा गैरसरकारी स्थानिय सरोकारवाला निकायहरुलाई कार्यक्रममा निमन्त्रणा गरि २०७२ बैसाख १२ गते देखी १५ गते सम्म डेक नेपाल सौराहा चीतवनमा तालीमको आयोजना गरियो ।

# २.पहिलो दिन (२०७२ बैशाख १२ गते)

## २.१ तालीमको समुद्घाटन



यस तालिमको समुद्घाटन कार्यक्रम १२ बैशाख २०७२ शनिवारको दिन विहान १० बजे कार्यक्रम सञ्चालक साप नेपालका श्री रुक्मनी कार्कीले शुरु गर्नुभएको थियो । यस समुद्घाटन कार्यक्रमको अध्यक्षताकोलागि डेक नेपाल, चितवनका अध्यक्ष श्री शिखा श्रेष्ठलाई अनुरोध गर्दै आशन ग्रहणको कार्यक्रम शुरु भयो । यस समारोहको प्रमुख आतिथ्य जिल्ला विकास समितिका शाखा अधिकृत श्री टिकाराम कँडेलले गर्नुभएको थियो । यस कार्यक्रममा महिला विकास कार्यालयका महिला विकास अधिकृत श्री सम्झना ढकाल, चण्डि भन्जाङ्ग गा.वि.सका सचिव श्री देविरमण शार्मा, काउले गा.वि.सका सचिव श्री हरि प्रसाद गौतम, कोराक गा.वि.सका सचिव श्री चन्द्र कान्ता न्यौपाने, लोथर गा.वि.सका सचिव श्री कुल प्रसाद आचार्य, शक्तिखोर गा.वि.सका सचिव श्री अजुन पंगेनी, काउले गा.वि.सका सचिव श्री हरि प्रसादगौतम, साप नेपालका कार्यकारी निर्देश श्री नरेन्द्र जोशी, पत्रकार महासंघका कोषाध्यक्ष श्री होम नाथ सापकोटा, पत्रकार श्री धुव्र खनाल, सिवन नेपालका चाइल्ड प्रोटेक्सन अफिसर श्री शारदा रिजाल, पत्रकार श्री विकास पौडेल र नेपाल चेपाङ्ग संघका सचिवश्री लक्षम चेपाङ्गआदि अतिथिहरुको उपस्थितीथियो ।

प्रमुख अतिथि श्री टिकाकराम कँडेलले पासनमा दिप प्रज्जवलन गरी तालीमको औपचारिक रुपमा समुद्घाटन गर्नुभयो । डेक नेपालका सचिव श्री पार्वती श्रेष्ठले स्वागत मन्तव्य दिनुभएको थियो । उहाँले विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरु, पत्रकारहरु, साझेदार संस्थाहरु साथै सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुभयो ।



परियोजना संयोजक श्री जनक कार्कीले तालीमको उद्देश्य माथि प्रकाश पार्दै परियोजनाबारे संक्षित प्रस्तुतीकरण गर्ने क्रममा कार्यक्रमले चेपाङ जनजातीका महिलाहरुको सशक्तिकरण गरी उनीहरुको स्थानिय स्वयक्त शासनमा सहभागिता अभिवृद्धी गरी जनमूखी र लैङ्गिक-मैत्री निर्णय प्रक्रियालाई  संस्थागत गर्ने लक्ष्य राखेको छ साथै परियोजना संचालित क्षेत्रको स्थानिय स्वायत्त शासनको योजना र निर्णय प्रक्रियामा चेपाङ महिलाहरुको सहभागिता अभिबृद्धी गर्ने उद्देश्यका साथ यो परियोजना अगाडी बढेको जानकारी गराउनुभयो ।  यस परियोजनाले १८ चेपाङ महिलाहरुलाई स्थानिय श्रोत व्यक्तिको रुपमा दक्ष बनाउनेछ । ६ वटा गा.वि.समा ७५० जना चेपाङ महिलाहरुको विभिन्न चेपाङ महिला पैरवी मञ्चहरु गठन हुनेछन् । १८० चेपाङ महिलाहरुलाई गाउँ स्तरमा सञ्चालन गरिने विभिन्न तालीमहरुमा सहभागी गराइने साथै कम्तिमा २५ जना सरकारी निकायका पदाधिकारीहरु र १२० जना चेपाङ समुदायका प्रभावशाली पुरुषहरुलाई महिला सशक्तिकरणकोबारेमा तालीम दिइने छ  भनी परियोजनाको लक्षित योजनाको बारेमा जानकारी गराउँदै परियोजनाको बजेट १,७०,००,००० रहेको जसमध्ये प्रशासनिक खर्च १२.७ प्रतिशत र ८७.३ प्रतिशत कार्यक्रम बजेट रहेको सार्वजनिक गर्नुभयो ।
(उहाँले प्रस्तुत गर्नुभयो कार्यपत्र अनुसूचीमा राखिएको छ )



त्यस पश्चात गा.वि.स सचिवहरुले उक्त परियोजना प्रति आफ्नो धारणा व्यक्त गर्नुभयो । चण्डि  भन्ज्याङ्ग गा.वि.सका सचिव श्री देविरमण शर्माले भौगोलिक दृष्टिकोणले विकट गा.वि.समा चेपाङ महिलाहरुको सशक्तकरणकोलागि नेतृत्व विकास तथा सामुदायिक जावफदेहिता कार्यक्रम सञ्चालन गर्न लागेकोमा शुभकामना दिंदै यसले पक्कै पनि ठूलो सकारात्मक परिवर्तन ल्याउने वताउनुभयो । गा.वि.समा रहेका स्थिानीय सरकारी निकायहरुसंग अपासी समन्वयमा यो कार्यक्रम सञ्चालन हुने हुंदा त्यस कार्यक्रमले सरकारी नियकलाई पनि जवाफदेहि हुन प्रेरित गर्ने बताउँदै नागरिकहरुलाई पनि

आफ्नो सेवा सुविधा र हक अधिकारको बारे सचेत गराएर स्थानीययोजना निर्माणप्रक्रिया अघि बढाउन अभिप्रेरित गर्ने बताउनुभयो ।



त्यसपछि काउले गा.वि.सका सचिव श्री हरि प्रसाद गौतमले कार्यक्रममा सहभागी हुन पाएकोमा खुशी व्यक्त गर्दै कार्यक्रम समग्रमा हेर्दा धेरै राम्रो लागेको र चेपाङ समुदाय त्यसमा पनि चेपाङ महिलाहरुको उत्थानको निम्ति गरिने यस कार्यक्रमा काउले गा.विसको साथ हुने प्रतिबद्धता जाउनुभयो ।



यसै क्रममा, कोराक गा.वि.स.का सचिव श्री चन्द्रकान्ता न्यौपानेले प्रस्तुती सुन्दा यो कार्यक्रम चेपाङ जातीको लागि उपयुक्त भएको र चेपाङ समुदाय भएको गा.वि.समा काम गरेको ७ वर्ष भएको उक्त वर्षहरुमा गा.विसका तर्फबाट चेपाङ महिलाहरुको सशक्तिकरण कसरी गर्न सकिन्छ भनी पटक पटक पहल गरेको तर गा.वि.सको न्यून बजेटले नभ्याएको र जिल्लाबाट पनि यस किसिमको कार्यक्रम नआएको जानकारी गराउनुभयो । यो कार्यक्रमले ती महिलाहरुलाई सशक्तिकृत गर्न साथै क्षमतावान बनाउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो ।



लोथर गा.वि.सका सचिव श्री कुल प्रसाद आचार्यले सबै तहको महिलाहरु समान रुपमा अगाघि बढे भने विकास निमार्णको कार्य पनि अगाडि बढ्न सक्छ भन्दै सहभागीहरुले यहाँबाट सिकेका कुराहरु समुदायमा गएर सिकाउनु हुनेछ भन्ने आशा व्यक्त गदै सहभागीहरुलाई शुभकामना दिनुभयो । उहाँले मन्तव्य दिनुहुँदै गर्दा, ११:५६ मिटेनमा ७.६ रेक्टर स्केलको विनाशकारी भुकम्प गयो जुन १९९० पछिको ठूलो भुकम्प मानिएको छ । सबै सहभागीहरु र अतिथिहरु तालीम हल बाहिरको खुल्ला चौरमा भागेका थिए । भुकम्प साम्य भएपछि फेरी आयोजकहरुले सहभागीहरु साथै अतिथिहरुलाई हल भित्र ल्याएर कार्यक्रम पुनः सञ्चालन गरियो ।

त्यस पश्चात् , शक्तिखोर गा.वि.सका सचिव श्री अर्जुन पंगेनीले आयोजकलाई धन्यवाद दिंदै कार्यक्रम कार्यान्वयन तहमा कसरी जान्छ त्यो त भोलीको दिनले बताउने छ तर यस कार्यक्रम कार्यान्वयनको क्रममा गा.वि.सको तर्फबाट के कस्तो सहयोग गर्नुपर्ने हो शक्तिखोर गा.वि.स सहयोगकोलागि तयार भएको जानकारी गराउनुभयो र कार्यक्रमको सफलताको कामना पनि गर्नुभयो । चितवन जिल्लामा २८,००० चेपाङ समुदाय रहेको सुनियो त्यस मध्ये पनि आधा जनसख्या ओगट्ने चेपाङ महिलाहरुकोलागि यो कार्यक्रम ल्याउनु भएकोमा सह्राना गर्नुभयो । उहाँले गाउँ परिषदको भेलामा चेपाङको उपस्थिती भएता पनि चेपाङ महिलाहरुको उपस्थिती हाल सम्म नदेखिएको जानकारी गराउँदै, यस कार्यक्रमबाट चेपाङ महिलाहरु आफ्नो अधिकार आफैले माग गर्न सक्षम हुने आशा व्यक्त गर्नुभयो ।




यसै क्रममा, नेपाल चेपाङ संघ चितवनका श्री लक्षमण चेपाङले यो परियोजना लेखन र डिजाइनको क्रमदेखि नेपाल चेपाङ संघले यस परियोजनालाई नजिकबाट नियालिरहेको साथै साप-नेपाल र डेक-नेपालले पनि यो कार्यक्रम कुन कुन समुदायमा कसरी लान सकिन्छ भनी हामीसंग सहकार्य र समन्वय गरेर यो परियोजना निमार्ण भई लागु भएकोले यस कार्यक्रमले चेपाङ महिलालाई सशक्तिकरणको बाटोमा अगाडी बढाउने नै छ भन्ने विश्वास व्यक्ति गर्नुभयो । चेपाङ महिलाहरु स्वास्थ्य, शिक्षा, सामाजिक, राजनैतिक, भौगोलिक सबै हिसावले पछाडी भएको बताउनु भयो । विभिन्न निकायहरुले विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय सरसरकारी संस्थाहरुले चेपाङ समुदायको उत्थानकोलागि लागि कार्यक्रमहरु लागु गरिरेको भएता पनि चेपाङहरुको स्तर कतिको फरक भएका छ त भन्ने प्रश्न सँधै चेपाङ संघलाई आउने गरेको बताउदै यस्ता प्रश्नहरुको जवाफदेही चेपाङ संघ हुनेहुँदा चेपाङ समुदायकोलागि कार्यक्रम ल्याउदा वा कार्यान्वयन गर्दा चेपाङ संघसंग समन्वय र सहकार्य गर्न आवश्यक भएको जानकारी गराउँनुभयो ।

पत्रकार महासंघ चितवनका कोषाध्यक्ष श्री होमनाथ सापकोटाले यस कार्यक्रम कार्यान्वयमा ल्याउन आफैमा एक कठिन कार्य भएको बताउनुभयो । चेपाङ दिदीबहिनीहरु विहान बेलुकाको हात मुख जोर्ने कार्यमा धेरै व्यस्त हुन्छन् त्यही व्यस्तताबाट उनीहरुलाई बाहिर ल्याएर क्षेमता अभिबृद्धि गर्दै सशक्तिकृत बनाउन निकै समय लाग्छ तर १८ जना दिदीबहिनीहरु परिवर्तनका संवाहकको रुपममा अगाडी आएका छन् भन्दै सहभागीहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दै सफलताको कामना गर्नुभयो ।



यसै क्रममा, साप नेपालका कार्यकारी निर्देशक श्री नरेन्द्र प्रसाद जोशीले यहाँ उपस्थित हुनुभएका विभिन्न निकायका प्रतिनिधिज्यूहरु, छ वटा गा.वि.सका गा.वि.स सचिवहरु, पत्रकारहरु, चेपाङ महिला दिदीबहिनीहरुको उपस्थितीले यस कार्यक्रमको महत्व बढेको बताउनुभयो । उहाँले कुनै पनि कार्यक्रमहरुको केही उद्देश्यहरु हुन्छन् र ती उद्देश्य प्राप्तीकालागि कुनै एक समूह टिमले काम गर्नुपर्ने हुन्छ, त्यो टिम भनेकै यहाँ उपस्थिती सबै जना हौं । अघि लक्षमणजीले भन्नु भए जस्तै एकल प्रयासले  केही हुँदैन सामुहिक प्रयास आवश्यक भएको बताउनुभयो । डेक-नेपाल साप -नेपालको क्षेत्रिय कार्यलयको रुपमा स्थापित संस्था भएको र  साप-नेपालले पनि यस कार्यक्रममा सहकार्य गर्न पाउंदा खुशी लागेको जानकारी गराउदै यस कार्यक्रमबाट चेपाङ दिदीबहिनीहरुले आफ्नो जिम्मवारी महसुस गर्नुहुनेछ साथै आफ्नो गाउँ समुदायका परिवर्तन संवाहकका रुपमा क्रियाशील हुनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दै गर्दा अर्को भुकम्पको धक्का महसुसभयो ।  सबै उपस्थित अतिथिहरु र सहभागीहरु बाहिर खुल्ला चौरमा गएका थिए र साम्य भए पश्चात् फेरी कार्यक्रम अगाडी बढेको थियो ।





त्यस पश्चात्, महिला विकास कार्यालयका महिला विकास अधिकृत श्री सम्झना ढकालले चेपाङ महिलाहरुलाई सशक्तिकृत गरी नेतृत्व तहमा ल्याउने यस परियोजनालाई शुभकामना दिंदै महिला विकास कार्यालयले पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

उद्घाटन समारोहका प्रमुख अतिथि श्री टिकाराम कँडेलले चेपाङ महिलाहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु जि.वि.सले पनि गर्दै आएको छ । चेपाङ बालबालिकाकोलागि छात्राबासको व्यवस्था, चेपाङ विकास कार्यक्रम अन्तरगत पनि विभिन्न कार्यक्रमहरु जस्तै आयआर्जन सम्बन्धी तरकारी खेती, बाख्रा पालन आदिमा पनि जि.वि.सले सहयोग गरेको जनाकारी गराउनुभायो । यस कार्यक्रमलाई जि.वि.सको तर्फबाट के कस्तो सहयोग आवश्यक छ , त्यो सहयोग उपलब्ध

गराउने प्रतिबद्धताका साथै १८ जना महिला चेपाङ दिदीबहिनीहरुलाई तालीमबाट केही सिकेर आफ्नो गाउँ, समुदायमा गएर त्यहाँका दिदीबहिनीहरुलाई आफुले सिकेका कुराहरु सिकाउनु हुनेछ भन्ने आशा व्यक्त गर्नुभयो । साथै डेक-नेपाल, साप-नेपाललाई पनि कार्यक्रमको सफलताकोलागि शुभकामना दिनुभयो ।





अन्त्यमा , उद्घाटन समारोहका अध्यक्ष श्री शिखा श्रेष्ठले महिलाहरुले पनि सम्मानपूर्वक जिवन यापन गर्न सक्छौं भन्ने हामीलाई सपना जस्तै लाग्छ । यो सपनालाई साकार पार्न जब तपाई १८ जना चेपाङ दिदीबहिनीहरु मैले केही गर्न सक्छु र मेरो केही जिम्मेवारी छ भनेर गाउँ, समुदायमा गई क्रियाशील हुनसक्नु हुन्छ तब यस कार्यक्रमले सफलता मिल्ने जानकारी गराउनुभयो । यो सपना डेक नेपालको मात्र होइन यो हाम्रो साझा सपना भएको भन्दै यसमा यहाँ उपस्थिती विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु, सञ्चार माध्यमको सहयोगको आवश्यक भएको बताउनु भयो । भूईचालो ले पनि एक चोटी होइन दुई चोटी होइन बारबार गएर जनाइसकेको छ की चुनौती र बाधाहरु धेरै छन् । ती चुनौती र बाधाहरुलाई छिचोलिएर अगाडी बढ्न सकिन्छ भन्ने आशा छ भन्दै उपस्थित सम्पूर्ण अतिथिहरु, सहभागीहरु, पत्रकारहरु, साप-नेपाल, डेक-नेपालका कर्मचारीहरु सबैलाई धन्यवाद दिंदै कार्यक्रम समापनको घोषण गर्नुभयो ।

उद्घाटन कार्यक्रमको समापन पश्चात, सम्पूर्ण सहभागीहरु तथा अतिथिहरुलाई खानाको व्यवस्था गरिएको थियो । सबै जना भुकम्पको कारण त्रसिद थिए । भुकम्पले गर्दा, सञ्चार माध्यम मोवाइल र टेलिफोनको नेटवर्क व्यस्त भएकाले आफन्तहरुलाई फोन लागिरहेको थिएन । धरहरा भत्केको, पशुपतिको मन्दिर पनि भत्केको अपुष्ट खबरहरु आइरहेका थिए । सबै सहभागीहरुमा त्रास पैदा भएका प्रष्टै देखिन्थ्यो ।

## २.२ तालीमको शुरुवात


### श्रोत व्यक्ति : श्री शिखा श्रेष्ठ, अध्यक्ष, डेक-नेपाल

खाना पछिको एक घ०टाको समयमा सहभागीहरुले आफन्तहरुसँग कुराकानी गरेपश्चात स्थिति केही सामान्य भएको थियो । त्यसपश्चात सम्पूर्ण सहभागीहरुलाई तालीम हलमा बोलाई श्रोत व्यक्ति श्री शिखा श्रेष्ठले तालिमको शुरुवात गर्नुभयो ।

### २.२.१ परिचय

श्रोत व्यक्तिले जीवनचित्र विधिबाट परिचय गराउनु भयो । जिवन रेखा चित्र कोर्न लगाउंदा सहज रुपमा उनीहरुको जिवन तथा भविष्यको योजनावारे जानकारी लिन सकिन्छ ।

- उहाँले सहभागीहरुलाई दुई दुई वटा फोटो कपी पेपर दिएर पना नं १मा सानै देखि अहिलेसम्म याद भएको कुराहरु अर्थात म अहिले सम्म कस्तो छु भन्ने कुरालाई चित्र मार्फत वा चित्र बनाउन नआउनेले लेखेर बताउन र पाना नं २ मा दुई वर्ष पछि म यस्तो भएको हुनेछु भन्ने सपनालाई चित्र वा लेखाई मार्फत बताउन भन्नुभयो ।
- यसकोलागि उहाँले १५ मिनेटको समय उपलब्ध गराउनु भएको थियो । सहभागीहरुले कसैले चित्रबाट कसैले लेखेर नै आफ्नो हालको अवस्था र आफू भोलीका दिनमा कस्तो हुन्छु भन्ने बारे पालै प्रस्तुत गरेको थिए।



- त्यसपछि श्रोत व्यक्तिले सहभागीबाट आएका मुख्य मुख्य बुंदाहरु टिपेर सांराश तयार गर्दै परिचयको सेसनको अन्त्य गर्नुभयो ।

### २.२.२ आशा तथा डर संकलन

श्रोत व्यक्ति श्री शिखा श्रेष्ठले विभिन्न रंगको मेटाकार्डको फूलहरु बनाई सहभागीहरुलाई तालिम पश्चात आशा गरेका कुराहरु र आफूलाई तालीमा आउँदा लागेको डरबारे बताउन भन्नुभयो । त्यही छलफलको क्रममा सहभागीबाट आएका **आशाहरु** :



- सचेतना बढाउने
- आमा, महिला समूह बनाउन सक्ने
- बोल्न सक्ने
- महिला अधिकारबारे जानकारी
- महिला सशक्तिकरण बारे
- महिला नेतृत्व
- सहजिकरण
- चेपाङ महिलाका कार्यहरु

**डरहरु**

- कसरी बोल्ने
- कसरी परिचय दिने
- सहजकर्ता बुझाउन सक्ने भएको वा नभएको

### २.२.३ तालीमको नियमहरु

त्यसपश्चात, तालीमको नियमहरुबारे सहभागीहरुमा छलफल गराइयो । तालिम सूचारु रुपले सञ्चालन गर्नको लागि सहभागी तथा सहजकर्ता विच आपसी समझदारीको वातावरण निर्माण गर्नका निम्ति तालिमका नियम निर्धारण गरिन्छ । छलफलबाट निर्धारण गरेका नियमहरु:

- तालीमहरुमा मोवाइ बन्द वा साइलेन्टमा राख्ने
- सहभागीले पालै पालै बोल्ने
- बाहिर जाँदा व्यवस्थापकलाई सोधेर जाने
- ध्यानपूर्वक सुन्ने
- समयको पालना गर्ने

### २.२.४ व्यवस्थापन समिति निर्माण

सहभागीहरुलाई तालिममा उत्साह जगाउनका निम्ति विभिन्न समितिहरु जस्तै : व्यवस्थापन, मूल्याङ्कन र प्रतिवेदन तथा मनोरञ्जन समितिहरु समावेश गरेर विभिन्न कार्यहरुको जिम्मेवारी वहन गर्न उत्प्रेरणा जगाउने उद्देश्यले निम्नानुसार समितिहरु निमार्ण गरियो । यसबाट यस तालिमप्रति आफ्नोपनको भावना पनि विकास गर्न सकिन्छ ।

श्रोत व्यक्तिले तीनैवटा व्यवस्थापन समितिका पदाधिकारीहरुको काम कर्तव्यका बारेमा जानकारी गराउनुभयो ।

**व्यवस्थापन समिति** -तालिमका निम्ति आवश्यक सामग्रीहरुको व्यवस्था गर्ने, समय व्यवस्थापकको भूमिका निर्वाह गर्ने, तालिम कोठा सफा र व्यवस्थित गर्न सघाउने, सहजकर्तालाई आवश्यकता अनुरुप सहयोग गर्ने।

**मूल्याङ्कन तथा प्रतिवेदन समिति-** तालिमका सत्र, सहजीकरण र व्यवस्थापनको (राम्रा तथा सुधार गर्नु पर्ने पक्षको वारेमा समीक्षात्मक प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने ।

**मनोरञ्जन समिति -** तलिममा विभिन्न सत्रहरुको विचविचमा तथा तालिम सकेपछि मनोरञ्जनको सत्रहरु सहजीकरण गर्ने ।

### २.२.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण

लैङिक समानता तथा महिला सशक्तिकरण लाई सहज रुपमा बुझाउनका निम्ति श्रोत व्यक्तिले अप्नाउनुभएको **विधि** :

- तीन तीन जनाको समूह बनाई एउटा पहेलो र एउटा हरियो रंगको मेटा कार्ड दिई पहेंलो रंगको मेटाकार्डमा महिला भन्नाले तपाईको दिमागमा के के कुरा आउँछ र हरियो रंगको कार्डमा पुरुष भन्दा तपाईको दिमागमा के के कुरा आउँछ लेख्न लगाउनुभयो ।

- समूहमा छलफल गरी आएका उत्तरहरुलाई बोर्डमा टाँसेको महिला र पुरुषको चित्र अंकित भएको चार्टपेपरमा चित्रको तल टाँस्दै जानुभयो ।
- महिला र पुरुष अन्र्तगत आएका उत्तरहरु महिला र पुरुष दुवैले गर्न सक्छन् कि सक्दैनन् भनेर सोध्नुभयो, सहभागीबाट सक्छ भन्ने उत्तर आएको कार्डलाई महिला र पुरुष दुवै भएको चित्रको तल राख्नुभयो भने महिलाले मात्र सक्छ भन्ने उत्तरलाई महिलाको चित्र तल राख्नुभयो ।



## २.२.६ प्राकृतिक र सामाजि लैङ्गिकता

श्रोत व्यक्तिले प्राकृतिक लिङ र सामाजिक लैङ्गिकताको भिन्नताको बारेमा जानकारी गराउनुभयो ।

समाजद्धारा सृजित महिला र पुरुष तथा विभिन्न वर्गका महिलाहरु विचको सामाजिक सम्बन्ध र भूमिकालाई नै लैङ्गिकता भनिन्छ । यो परिवर्तनशिल छ र विभिन्न जात, उमेर, वर्ग विच फरक फरक रहन्छ । सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशले यसलाई प्रभाव पार्दछ ।

शारीरिक विशेषतामा आधारित भएको खण्डमा भने त्यसलाई प्राकृतिक लिङ्ग गनेर चिनिन्छ । यो संसारको जुनसुकै भागमा पनि एउटै रहन्छ ।


| प्राकृतिक लिङ्ग (क्भह) | सामाजिक लैङ्गिकता (न्भलमभच) |
|---|---|
| जैविक अवस्था र शारीरिकरूपमा नै फरक हुन्छ । | समाज, संस्कारमा आधारित व्यक्तिको स्वभाव र व्यवहारमा आधारित भूमिका हो। |
| साधारण अवस्थामा परिवर्तन गर्न सकिंदैन, यो स्थायी हुन्छ । | सामाजिक मूल्य र मान्यताको आधारमा फरक हुन्छ, जन्मजात फरक हुँदैन । |
| जन्मेदेखि नै फरक भएर आएको हुन्छ । | परिवर्तन हुन सक्छ, यो अस्थायी हुन्छ । |
| यो संसारभर एकैनासको हुन्छ फरक हुँदैन। | यो समय, परिस्थिति, धर्म, संस्कृति, भौगोलिक अवस्था र राजनीतिक तथा शैक्षिक अवसर अनुसार फरक-फरक हुन्छ। |
| जन्मेदेखि पुरुष र महिलामा रहेको प्राकृतिक गुण लिङ्ग हुन । जस्तै : शुक्रकिट, गर्भधारण, स्तनपान, आदि । | समाजले दिएको भूमिकामा आधारित हुन्छ । बाहिर गएर पैसा कमाउने, घरको काम गर्ने आदि। |

## २.२.७ महिला र पुरुषको फरक पहुँच र नियन्त्रणको अवस्था

**विधि :** विभिन्न चित्रहरु देखाउँदै



श्रोत व्यक्तिले विभिन्न चित्रहरु देखाएर तपाईहरुको गाउँमा यस चित्रमा देखाएको जस्तै समितिहरु छन् कि छैनन् ? छन् भने कुन कुन समितिहरु छन् ? सामुदायिक वन छ की छैन ? त्यसको अध्यक्ष महिला छन् की पुरुष छन् ?, खानेपानी तथा सरसफाई उपसमितिहरु छन् की छैनन्, यसमा पनि मूख्य पदमा महिला छन् की छैनन् ? घरको लालपूर्जामा कस्को अधिकार छ ? गहना बेच्न पुरुषलाई सोध्नुपर्छ की पर्दैन ? कुखुरा पालनमा पुरुषलाई सोध्नुपर्छ की पर्दैन , पत्रपत्रिका कस्ले बढी पढ्छन् ?, कप्यूटरको पहुँकोसंग ? आदि चित्र बाट प्रश्न गर्दै जाँदा सहभागीहरुमा मूख्य पदमा अहिलेसम्म कुनै पनि महिला नभएको, सम्पत्ती पनि पुरुषको नाममा भएको, गहना बेच्न, कुनै काम गर्न पनि पुरुषलाई सोध्न पर्ने, पत्रपत्रिका र कप्यूटरको पहुँच पनि महिलामा भन्दा पुरुषमा पनि भएको जवाफ आएपछि श्रोत व्यक्तिले महिलाले प्रयोगमात्र गर्न सक्नेलाई पहुँच भनिन्छ , आफै निर्णय गर्न सक्नेलाई नियन्त्रण भनिन्छ भनी बुझाउनु भयो । बास्तविकतामा सबै पुरुषबाट नियन्त्रण भएको अवस्था पाइयो । अघि सबै हामी महिलाले गर्न सक्छौं भनी महिला पुरुष दुवैमा राखेका थियौं तर बास्तविकता त यस्तो पो रहेछ , अघिको त सपनाको रहेछ भन्नुभयो ।



विकासको रथलाई महिला पुरुष दुवै मिलेर अगाडि बनाउनुपर्छ कसैले कसैलाई नियन्त्रण गर्ने हैन, कसैले कसैलाई होच्याउने होइन सबै मिलेर अगाडि बनाउनु पर्छ । हामीले हामीलाई चिन्नु पर्छ । हामीले के गर्न सक्छौं , मैले के गर्न सक्छु भनेर अगाडि बड्यौं भने सफल हुन सक्छौं । हामी पुरुष सरह हुने होइन हामी आफै भन्दा अझ राम्रो हुने, सक्षम हुने हो भनी बुझाउनुभयो । महिलाहरुलाई अगाडि बढ्न सम्भन्दा ठूलो चुनौति के होला भनी सोध्नु भयो । सहभागीहरुले पारिवारीक जिम्मेवारी धेरै भएकोले, बच्चाहरु सानो भएको, शिक्षाको कमि, आत्माविश्वासको कमि, म गर्न सक्दिन भन्ने भावना, समाजले महिलाले गर्न सक्दैन भन्ने भावना आदि उत्तर दिए ।

त्यसलाई हामीले समस्याको रुपमा भन्दा पनि हामीले यी कुरालाई परिक्षाको रुपमा लिनुपर्छ । यसलाई हामीले पास भएर गरेर देखाउन सक्नुपर्छ अनिमात्र हामीले आफ्नो पहिचान बनाउन सक्छौं । हाम्रो कुरालाई कसरी अगाडी उठाउने त त्यो कुरा तपाईहरुले सिक्नुपर्छ । शुरुवात तपाई चेपाङ महिलाबाट हुनपर्छ भन्नुभयो ।

## २.२.८ समता र समानता

**विधि :** गेम खेलाउनुभयो



चारजना महिलालाई अगाडि बोलाउनुभयो । एक जनालाई भारी बोकाएर, एक जनाको खुट्टा बाँढेर, एक जनालाई आँखा छोप्न लगाएर र एक जनालाई स्वतन्त्र राखेर चारै जनालाई एकै चोटी दौडन लगाई अगाडिको लाइन सम्म पुग्न निर्देशन दिनुभयो । यसरी दौडिदा स्वतन्त्र व्यक्तिले चाँडो र सजिलो संग लक्ष्यमा पुग्न सफल भएको देखियो ।

**सभागीको सिकाई**

- आँखा छोप्ने व्यक्ति भनेको शिक्षा, ज्ञान, सीप नभएको व्यक्ति थियो । उसँग आत्मा विश्वास थिएन र उसले आफ्नो लक्ष्य थाहा पाउने सकेन ।
- खुट्टा बाधेको महिला भनेको घर भित्र मात्र सिमित महिला भन्ने बुझिन्छ । घरको कामले, बच्चाको स्याहार सुसारमा नै उसको दिन वितेकोले घरबाट बाहिर निस्कने अवस्था नभएको महिला ।
- भारी बोकेको महिलाले धेरै जिम्मेवारी भएको महिलालाई बुझाउँछ । घर भित्र देखि बाहिरको सबै काम त्यही महिलाले भ्याउनुपर्ने महिला ।

यो समानता र समताको बुझाउने खेल हो । समान विकास होइन , समतामूलक विकास हुनुपर्छ भन्ने धारणा राख्नु पर्छ । हाम्रो समुदायमा सबै एउटै स्तरको मानिस छैनन् , कोहीको स्तर माथि छ कोहीको धेरै तल छ त्यो तल्लो स्तरको मानिसको स्तर अभिबृद्धि गराई माथिल्लो स्तरसम्म पुऱ्याउन सक्नुपर्छ । दौड बराबरीको थियो तर सबै समान थिएनन् । हिड्न नसक्नेलाई हिड्न सक्ने, आँखा देख्न नसक्ने आँखा देख्न सक्ने बनाउन सक्नुपर्छ । स्वतन्त्र व्यक्ति भन्दा

खुट्टा बाँधेको व्यक्तिलाई अगाडि ल्याई दौराउनु पर्छ यसलाई सकारात्मक विभेद भनिन्छ समानतमा भनेको सपना, सोंच हो । सबै बरावर हुने स्थिती हो । सकारात्मक विभेदको कुरालाई समता भन्छौं । समानतामा पुग्न समतामूलक कार्य गर्नुपर्छ भनी श्रोत व्यक्तिले समानता र समताकोबारेमा सहभागीहरुलाई सरलरुपमा बुझाउनुभयो ।


## २.२.९ महिला सशक्तिकरण भनेको के हो ?

**विधिः** हात समाएर गोलो घेरा र चित्र देखाएर

सबै सहभागीहरुलाई गोलो घेरा बनाउन लगाई हात समाउन लगाउनुभयो र यो हाम्रो शक्ति हो । हामी एक जुट भएर अगाडि बढ्नुपर्छ । महिला सशक्तिकृत हुन पहिला महिला स्वयमंमा परिवर्तन हुन पर्छ अनि विस्तारै समाजको सोंचमा पनि परिवर्तन ल्याउन सकिन्छ । हामीले सबैलाई साथै लिएर अगाडि बढ्न आवश्यक छ भन्नुभयो महिला र पुरुषको सम्बन्ध , चेपाङ महिलाको र सरकारी निकायको सम्बन्ध, चेपाङ महिला र सामाजका व्यक्तिहरुको सम्बन्धमा आदिमा सकारात्मक परिवर्तवन भयो भने मात्र हामी सशक्तिकृत भएको भन्नसक्ने बताउनुभयो ।

श्रोत व्यक्तिले हामी चेपाङ महिलाको सशक्तिकरणकोलागि के गर्न सक्छौं जस्तो लाग्छ ? भनी प्रश्न गर्नुभयो । सहभागीबाट सबै एक जुट भयौं भने, मेल मिलाप भयो भने , आत्मा विश्वास भयो भने आदि उत्तरहरु आए । त्यपछि महिला स्वयंमको क्षमता के के विषयमा बढाउनु पर्छ होला त भनी प्रश्न गर्नुभयो । सहभागीहरुले बोल्न सक्ने क्षमता , आफ्नो कुरा प्रष्ट राख्न सक्ने क्षमता भनी उत्तर दिए ।

**महिला तथा समाजबाट पछाडि पारिएका वर्गको सशक्तिकरण**



माथिको सशक्तिकरण ढाँचाको प्रयोग गरि  श्रोत व्यक्तिले व्यक्ति, संरचना र सम्बन्धको अन्चरनिहित सम्बन्धहरुको र यसबाट सशक्तिकरण कसरी हुन्छ भन्ने बारेमा श्रोत व्यक्तिले जानकारी दिनुभयो

व्यक्ति : व्यक्तिको अन्तरनिहित आशा, आकान्क्षा र सामर्थ्यता
संरचना : व्यक्तिको इच्छा, आकान्क्षालाई असर पार्ने अथवा नियन्त्रण गर्ने वातावरण
सम्बन्ध : शक्ति सम्बन्धको सञ्जाल जसद्वारा व्यक्तिले आफ्नो इच्छाएको पथ तय गर्दछ

## २.२.१० अर्थपुर्ण सहभागिताका

श्रोत व्यक्तिले सहभागिता भनेको हरेक कामका सबै चरणमा र निर्णय प्रक्रियामा सम्बन्धित व्यक्ति र निकायहरूमा उपभोक्ताहरूले प्रत्यक्ष, सक्रिय र अर्थपूर्ण रूपमा भाग लिनु हो । सवै पक्षको सहभागागिताले गर्दा नै उक्त कार्यक्रम वा कार्यहरूमा अपनत्वको भावना विकासमा सघाउ पुग्दछ । यसले गर्दा विकासका कार्यहरूको निरन्तरता र दिगोपनामा पनि विशेष योगदान पुऱ्याउँदछ ।  सबै पक्षलाई सहभागी गराएमा यो मेरो पनि हो भन्ने भावनाको विकास भई समूहले राखेको साझा उद्देश्य प्राप्त गर्न सकिन्छ । जसले गर्दा काम दिगो र गुणस्तरीय हुन्छ । सहभागिता कहिले काहीं भौतिक सहभागितामा मात्र सीमित रहेको अवस्था छ । कुनै पनि कार्यक्रममा कति जना महिला, दलित तथा विपन्न वर्गका व्यक्तिको सहभागिता भयो भनेर मापन गर्नको निम्ति ती वर्गको उपस्थिति दस्तावेजहरूको विश्लेषण गर्ने गरिन्छ । यो एक प्रारम्भिक चरण हो तर अर्थपूर्ण सहभागिताको निम्ति ती वर्गले आफ्नो समस्या तथा एजेन्डा उठान गर्न सफल हुने वातावरणको सृजना भएको छ कि छैन भन्ने कुरालाई पनि विशेष ध्यान दिनु जरुरी हुन्छ । सहभागितलाई सशक्तीकरणको प्रमुख आधारको रूपमा लिन सकिन्छ भनी बताउनुभयो ।

यी माथिका सेसनहरु पश्चात, दिनभरीमा के के सिक्यौं भनी पुनरावलोकन सहित पहिलो दिनको तालीम समाप्त भयो ।

# ३ तालीमको दोश्रो दिन (२०७२ बैशाख १३ गते)

**श्रोत व्यक्ति - श्री जनक कार्की, कार्यक्रम संयोजक, डेक-नेपाल**

दोश्रो दिनको सुरुवात अघिल्लो दिनको तालीमको मूल्याङकन प्रतिवेदनबाट भयो । त्यसपश्चात श्रोत व्यक्ति श्री जनक कार्कीले कथाबाट तालीमको शुरुवात गर्नुभयो ।



**कथा**

एकदिन महादेव र पार्वतीले कैलाशमा छलफल गर्दै थिए । पार्वतीले नेपालका जनता साह्रै गरिब भए उनीहरुकोलागि केही गर्नुपर्छ होला भनिन्न् तर महादेवले  उनीहरु जति गरे

पनि हुँदैन उनीहरुको आफ्नै व्यवहार त्यस्तो भएको हो भने तर पार्वतीले मानिनन् । महादेव र पार्वती एउटा गरिब चेपाङको घर गए । त्यस घरमा बुढाबुढी आमा बाबु र छोरी दुःख सुःख गरेर आफ्नो जिविको पार्जन गरिरहेका थिए । महादेवले बुढीलाई भने ल तिमिले के बर माग्न चाहन्छौं माग म तिम्रो एउटा इच्छा पुरा गर्नेछु । बुढीले सोचेर भनिन् म पहिलेको जस्तै १६ बर्षे तन्नेरी हुन पाउँ भनीन् र महादेवले तथास्तु भनेर बरदान दिए । बुढी तत्कालै १६ वर्षे जवान यूवतीमा परिनत भइन् । त्यसपछि बुढाको पालो आयो । बुढाले यसो सोचे बुढी तन्देरी भई अब मलाई छोडेर पोइला जान्छे होला भनेर बुढीलाई बादरनी बनाई दिनु भनेर बरदान मागे । बुढी तत्कालै बादरनीमा परिनत भइन् । अब छोरीलाई पनि महादेवले वरदान माग्न भन्दा छोरीले सोची अहिले भन्दा त हामी पहिले नै खुशी थियौं । छोरीले मेरा बाउ आमालाई पहिलेको जस्तै बनाइदिनु भन्निन् । महादेवले तथास्तु भनेर वरदान थिए र अन्तरध्यान भए ।

यो कथाबाट के सिक्नुभयो भनी श्रोत व्यक्तिले सोध्दा, सहभागीबाट आएका जवाफहरु

- केही कुरा सिकेर गाउँमा नजान्ने महिलालाई सिकाउने
- नेपाली अशिक्षित अबुझ
- मौकालाई चिन्न र बुझ्न सक्नुपर्छ
- चाहिने भन्दा नचाहिनेमा बढी ध्यान दिने
- जे दिए पनि केही गर्न नसक्ने
- अवसर पाएको बेलामा सकारात्मक कुरा सोंच्नु पर्छ
- पाएको अवसरमा लोभ गर्नु हुँदैन
- भगवानले समान रुपमा हेरेको रहेछ, अवसर गुमाउने मानिसले दुःख पाउने रहेछ
- बास्तविक समस्या के हो , त्यो बुझ्नु पर्ने रहेछ
- भगवानले महिला पुरुषलाई सरकारले उत्तिकै समान अवसर दिनुभएको रहेछ ।
- महादेव जस्तो भएर भेदाभाव नगरी अघी बढ्नु पर्छ ।

त्यसपछि श्रोतले प्ष्लमलभकक ख्भकत भन्ने भिडियो सहभागीहरुलाई देखाउनु भयो । सहभागीहरुलाई भेडियोबाट के सिक्नुभयो भनी प्रश्न गर्नुभयो । सहभागीहरुले अरुलाई सहयोग गर्नुपर्छ भनी उत्तर दिए । श्रोत व्यक्तिले सहयोगको शुरुवत गर्नुपर्छ । यस्तो राम्रो कार्यको शुरुवात आफूले गरेमा त्यो श्रङ्खलाबद्ध भएर आफैमा फर्कन्छ भन्ने सन्देश यस भिडियोले दिएको जानकारी गराउनुभयो ।

## ३.१ शुशासन के हो ?

श्रोत व्यक्तिले शुसानकोबारेमा सेसन शुरुवात गुर्नभयो । उहाँले सहभागीहरुलाई जानकारी गराउनुभयो कुराहरुको संक्षिप्त विवरण निम्न अनुसार छन् ।

राम्रो शासन नै सुशासन एवं असल शासन हो जहाँ

- उपलब्ध स्रोत, साधन र अवसरको न्यायोचित वितरण हुन्छ
- जनताको सम्मानजनक पहुँचका आधारमा पनि  सुशासनलाई परिभाषित गर्ने गरिन्छ ।
- नगरिकहरुको पिरमर्कालाई बुझेर काम गरिन्छ ।
- जनताका लागि जनताबाट जनतामाथि शासन गर्ने पद्धतिलाई प्रजातन्त्रको रूपमा बुझ्ने गरिन्छ । सुशासनलाई प्रजातन्त्रको पर्यायवाची शब्दको रूपमा पनि लिइन्छ ।
- सुशासन प्रवर्धनको लागी निम्न पक्षहरूलाई ध्यान दिनुपर्ने हुन्छ ।

**क.जवाफदेहिता :** जनताको चासोको विषयमा सार्वजनिक पदधारण गर्ने पदाधिकारीले आफ्नो जिम्मेवारी वहन गर्नु र गरेका कार्यहरूको बारेमा सार्वजनिक रूपमा जवाफ दिनुलाई नै जवाफदेहिता भनिन्छ ।

**ख. पारदर्शिता :** जनताको हकहितका लागि कुनै निकाय वा संस्थाले लागु गरेका नीतिनियम र कार्य सम्पादन प्रक्रियालाई सम्बन्धित सरोकारवाला सवैलाई सुसूचित गर्नुलाई नै पारदर्शिता भनिन्छ ।




**ग. वैधता :** मुलुकको प्रचलित ऐन, कानुन र समाजको मूल्य तथा मान्यताका आधारमा कानुनी तथा सामाजिक स्वीकारोक्तिसहित मान्यता प्राप्त गर्नुलाई नै वैधता भनिन्छ ।

**घ. विधिको शासन :** महत्वपूर्ण ओहदामा रहेका पदाधिकारीले कानुनको अधीनमा रही सही क्रियाकलाप र शुद्ध आचरण दर्शाउने पद्धतिलाई नै विधिको शासन भनिन्छ ।

**ङ. समानता र समावेशीकरण :** लैङ्गिक समानता भन्नाले महिला र पुरुषहरूले प्राप्त गरेको समान अधिकारलाई जनाउँछ । यसमा विभिन्न समतामूलक कार्य  (सकारात्मक विभेद) लाई प्रवर्धन गर्नुपर्दछ । यसकालागि सवै लिङ्ग, जाति, वर्गलाई समावेश गर्ने प्रक्रियालाई नै समावेशीकरणसहितको सहभागिता भनिन्छ ।

## ३.२ विकास के हो र किन ?

त्यस पश्चात चित्र देखाएर यस चित्रमा के देख्नु हुन्छ भनी पश्न गर्नुभयो । सहभागीहरुले आफूले देखेको कुराहरु बताएपछि श्रोत व्यक्तिले यो चित्रलाई अलि फरक ढंगले पनि हेर्नकोलागि अनुरोध

गर्नुभयो । हामी समस्याहरुमात्र देख्छौं साथ साथै त्यसमा श्रोत र अवसरहरु पनि हुन्छौं त्यसलाई हामीले फरक नजरले देख्न सक्नुपर्छ भनी बताउनुभयो ।
श्रोत व्यक्तिले सहभागीहरुलाई विकासबारे जानकारी गराउनुभएको कुराहरुको संक्षिप्त विवरण :

- विकास सबैको जनजिब्रोमा झुण्डिएको अत्यन्तै सरल शब्द हो । यो सबैको लागि अति नै प्यारो, सबैले खोजेको र चाहेको पनि कुरा हो । तर यो शब्दलाई गहिरिएर हेर्ने हो भने यसका अर्थ अत्यन्तै विशाल र उत्तिकै ब्यापक पनि छ । यसैको खोजीमा आज विश्व नै भौतारि रहेको छ ।
- विकास समुदायको वास्तविक इच्छा र आवश्यकता अनुरुप हुन्छ । यसलाई एउटा निरन्तर रुपमा हुने योजनाबद्ध परिवर्तनको प्रकृया पनि भन्न सकिन्छ ।
- वास्तविक विकास भित्र समुदायले समस्या पहिल्याउछ, अवसर खोज्छ,योजना बनाउछ, कार्यान्वयन गर्छ, समन्वय गर्छ र सफलता हाशिल गर्छ ।
- विकासले समुदायको मूल्य, मान्यता, धारणा एवं व्यवहारमा सकारात्मक परिवर्तन संगसंगै ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्दछ । यो मानविय विकास अन्तरगर्त पर्दछ ।
- भौतिक विकास अर्न्तगत निर्माOासंग सम्बन्धित कुराहरु भवन, सडक, पुल, बाटो, नहर, खानेपानी आदि पर्दछ ।
- यसैगरी आर्थिक विकास अर्न्तगत विकासले भौतिक विकासलाई दीर्घकालिन अर्थात दिगो बनाउंछ ।



## ३.३ सामाजिक जवाफदेहिता

**श्रोत व्यक्ति : श्री नरेन्द्र प्रसाद जोशी, कार्यकारी निर्देशक, साप-नेपाल**



श्रोत व्यक्तिले चार समूहमा सहभागीहरुलाई विभाजन गर्नुभयो र आ-आफ्नो समूहमा छलफल गरी चार्ट पेपरमा सामाजिक जवाफदेहिता भन्नाले के बुझ्नु हुन्छ, लेखेर प्रस्तुती गर्न लगाउनुभयो ।
सहभागीबाट प्रस्तुती भए पश्चात उहाँले सामाजिक जवाफदेहिता के हो, सामाजिक जवाफदेहिता किन ?, सामाजिक जवाफदेहिताका पक्षहरु, सामाजिक जवाफदेहिताका विधिहरु आदि बारे सहभागीहरुलाई

जानकारी गराउनुभयो । जुन संक्षिप्तरुपमा निम्न अनुसार छन् :

- सामाजिक जवाफदेहिता त्यस्तो अवधारणा हो जसमा नागरिकहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सेवा प्रदायकहरुवाट जवाफदेहिता माग गर्न सहभागि हुन्छन् र यसरी जवाफदेहिताको माग गर्दा नागरिकले निभाउनु पर्ने दायित्व तथा जिम्मेवारीकोपनि ध्यान दिइएको हुन्छ ।
- सामाजिक जवाफदेहिता मार्फत अधिकारवालाहरुलाई आफनो जिम्मेवारी प्रति सचेत बनाउने, सेवाग्राहीलाई आफनो कर्तब्य बोध गराउने तथा प्रकृयाको रुपमा विस्तार गरि सार्वजनिक सेवा र सुविधालाई जनमूखी बनाउने पक्षबाट पनि विश्लेषण गर्ने गरिन्छ ।
- समग्रमा भन्नुपर्दा सामाजिक जवाफदेहिता भन्नाले सार्वजनिक सेवा प्रदायक वा पदाधिकारीहरुको व्यवहारमा सुधार र कार्य सम्पादनमा अधिबृद्धी तथा सार्वजनिक श्रोतको समतामुलक वा समानुपातिक तथा न्यायोचित उपयोगकोलागि निगरानी तथा अनुगमन गर्न नागरिक समुह तथा सरकार बीच रचनात्मक संलग्नतालाई जनाउंदछ ।
- सामाजिक जवाफदेहिताका जिम्मेवार पक्षहरु - स्थानिय निकायहरु : १.जिल्ला विकास समिति, २.गाउं विकास समिति, ३.विद्यालय, ४.स्वास्थ्य चौकी, हेल्थपोष्ट , ५.कृषि सेवा केन्द, ६ पशु सेवा केन्द्र, ७.स्थानिय संघ संस्थाहरु, ८ महिला विकास

## ३.३.१ सामाजिक जवाफदेहिताका विधिहरु

सामाजिक जवाफदेहिताका मुख्य २१ वटा विधीहरु मध्ये निम्न विधिहरुको बारेमा जानकारी गराउनुभयो ।

- नागरिक बडापत्र
- स्थानीय निकाय (गाउं नगर र जिल्ला)को बजेट
- सूचनाको हक
- नागरिक शिक्षा
- सामुदायिक अंकपत्र
- सार्वजनिक सुनुवाई
- बहुसरोकारवाला समूह
- सम्पत्ति घोषणा

## ३.३.२ सामुदायिक अंक पत्र

**श्रोत व्यक्ति : श्री शिखा श्रेष्ठ, अध्यक्ष, डेक नेपाल**



सहभागीहरुले सामाजिक जवाफदेहिताको उपरोक्त विभिन्न विधिहरुको बारेमा जानकारी प्राप्त गरिसकेपछि समाजिक जवाफदेहिताका विधिहरु मध्ये कै एक सामुदायिक अंग पत्रको बारेमा श्रोत व्यक्तिले विस्तृत जानकारी गराउँदै समुह कार्य दिनुभयो ।

उहाँले स्थाानिय समुदायमा संचालति सार्वजनिक सेवाको गुणस्तरलाई नागरिकहरुले अनुगमन तथा मुल्याङ्कन गर्ने सहभागितात्मक विधिलाई नै सामुदायी अंकपत्र भनिन्छ भनी बताउनुभयो र सामुदायक अंक पत्र किन आवश्यक छ र यसमा के के विश्लेषण गर्ने र यो कसरी तयारी गर्ने भनी जानकारी गराउनुभयो ।

**सामुदायिक अङ्क पत्र किन आवश्यक छ ?**

- सार्वजनिक सेवाको गुणस्तर वृद्धिगर्न
- सेवाप्रदायकलाई सेवाग्राहिप्रति उत्तर दायी बनाउन
- योजना पहिचान,निमार्ण,कार्यान्यिन तथा अनुगमन प्रकृयामा सहभागीता,पारदर्शीता,जवाफदेहिता अभीवृद्धि गर्न ।
- सेवाग्राहीहरुलाई अधिकार र कर्तव्यको वोधगराउन ।

सामुदायिक अंकपत्रको सुचकहरुलाई चार्ट पेपरमा तयार गरी सहभागीहरुलाई उक्त सूचकहरुको



बारेमा जानकारी गराई , त्यसमा आफ्नो समुदाय को परिस्थिती अनुसार केही थप घट गर्नकोलागि अनुरोध गुर्नभयो । श्रोत व्यक्तिले पूर्ण अंकको बारेमा , हाल प्राप्त अंक कसरी राख्ने र लक्षित अंक कसरी राख्नेबारे सहभागीहरुलाई जानकारी गराउनुभयो र सहभागीहरुको तीन समुह बनाई चेपाङ महिला स्वयंम, संघसंस्थाहरु र सरकारी निकायहरुको जवाफदेहिता मूल्याङकन गर्नकोलागि सूचकहरु अंकित चार्ट पेपर सामुदायिक अंक पत्र अभ्यास गर्न लगाउनुभयो । यस समुहकार्य पश्चात दोश्रो दिनकोपनि तालिम समाप्त भयो ।

## ४. तालीमको तेश्रो दिन (२०७२ बैशाख १३ गते)



दोश्रो दिनको तालीमको पुनरावलोकन गरिसकेपछि दोश्रो दिनको समुह कार्यको प्रस्तुतीकरणकोलागि तीन वटा सामुदायिक अंक पत्र भित्तमा टाँसेर प्रत्येक समूहको सहजकर्तालाई दुई अन्य समुहहरुलाई अंकहरु कसरी राखियो भन्ने बारे प्रस्तुतीकरण गर्न लगाउनुभयो । यसमा सहभागीहरुको अरुको सामु बोल्न सक्ने र सहजीकरण गर्न क्षमतामा पनि बृद्धि भएका देख्न सकिन्थ्यो ।

## ४.१ विकेन्द्रीकरण, सङ्घीय शासन प्रणाली र स्थानीय सरकार


**श्रोत व्यक्ति : जिल्ला विकास समिति, सामाजिक विकास शाखाका नायब सुब्बा श्री विष्णु कुमार श्रेष्ठ**



श्रोत व्यक्तिले विकेन्द्रीकरण, सङ्घीय शासन प्रणाली र स्थानीय सरकार शासन सम्बन्धी सवालहरु सम्बन्धी सहभागीहरुलाई जानकारी गराउनुभयो । उहाँले सहभागीहरुलाई शासनको तरिका, केन्द्रिकरण र विकेन्द्रिकरणका सकारात्मक तथा नकारात्मक असरहरु, सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु, नेपालका जातजातिहरुकोबारेमा पनि जानकारी गराउँदै चेपाङ समूदाय दलित जात जातिहरुको सूचीमा अति सिमान्तकृत वर्गमा पर्ने पनि जानकारी गराउनुभयो ।

श्रोत व्यक्तिले विभिन्न कथाहरु प्रस्तुत गर्दै, रमाइलो तरिकाले सहभागीहरुलाई सहज भाषामा सिकाउनुभयो । श्रोत व्यक्तिले सहभागीहरुलाई चेपाङ महिला विकास कार्यक्रमबारे, :ऋरए: ( :ष्लष्कफ अयलमष्तष्यलर एभचायकबलअभ ?भबकगचभ्मभलत बारे बताउदै उक्त मूल्याङक पास नगरी गा.विसमा बजेट निकासा नहुने पनि जानकारी गराउनुभयो त्यसैले गा.वि.स सचिवलाई यसबारे पनि प्रश्न गर्न सकिने पनि बताउनुभयो ।

जिल्ला विकास योजना र  सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरुकोबारे पनि संक्षेपमा जानकारी प्रदान गनुभयो । उहाँले समुदायदेखि गाउँ परिषदमा पुग्न विभिनन ८ वटा चरणहरु पार गर्नुपर्ने बारे पनि सहभागीहरुलाई बताउनुभयो ।



श्रोत व्यक्तिले गा.वि.सको कूल बजेटको १० प्रतिशत महिलाकोलागि छुट्टाएको हुन्छ । त्यो बजेट कहाँ कहाँ के के मा कसरी खर्च गरेको छ त्यो जानकारी गा.वि.स सचिवलाई माग्न सक्नुहुन्छ । तपाईहरु संगठितरुपमा तरिका पुऱ्याएर आफ्नो माग राख्नुपर्ने जानकारी पनि गराउनुभयो । उहाँले आफ्नो सेसन दुई घण्टामा सिध्याउनुभयो । अन्य जानकारीकोलागि आफू सँधै तत्पर भएका बताउदै आफ्नो सम्पर्क नं पनि सहभागीहरुलाई दिनुभयो ।

## ४.१ सार्वजनिक सुनुवाई अभ्यास

**श्रोत व्यक्ति : श्री शिखा श्रेष्ठ, अध्यक्ष, डेक नेपाल**



खाना पश्चात श्रोत व्यक्ति शिखा श्रोष्ठले सिम सिमे पानीमा गीतबाट सेसन शुरु गर्नुभयो । उहाँले विहानको सेसनमा सहभागीहरुले प्रस्तुत गर्नुभएको सामुदायिक अंकपत्रलाई अभिनय गरेर कसरी सामुदायिक अंकपत्र समुदायमा गएर गर्ने भन्नेबारे सहभागीहरुसँग आफैले सहजिकरण गरेर देखाउनुभयो । त्यसपश्चात त्यस सामुदायिक अंक पत्रलाई कसरी सार्वजनिक सुनुवाईमा लाने र सार्वजनिक सुनाईको एक नमूना अभ्यास पनि गरियो । यसबाट सहभागीहरुलाई सार्वजनिक सुनुवाई कसरी गरिन्छ बुझाई भयो ।

त्यसपश्चात श्रोत व्यक्ति श्री जनक कार्कीले निकको एउटा भिडियो देखाउनुभयो । भिडियो हेरिसकेपछि यस भिडियोबाट के सिक्नुभयो भन्ने प्रश्नमा सहभागीहरुले निम्न उत्तरहरु दिएका थिए ।

- सिक्नेकला नमरुन्जेल सकिदैन
- आफूले चाहयो भने जस्तो सुकै समस्या पनि समाधान गर्न सकिन्छ ।
- आफुले सकेको गर्नुपर्छ
- मान्छेको जीवन संर्घशील हुन्छ तर त्यसको लागि आफै कोशिस गर्नुपछ ।
- अपाङ्ग मान्छेलेत खंर्घष गऱ्यो भने हामी पनि गर्न सक्छौं
- डेकमा तालिम लिएका छौं गाउँमा लगेर सिकाउनुपर्छ
- शारीरिकरुपमा दुर्वल छ तर मानसिक रुपमा सलबल छ ।
- आत्मबल हुनर्छ

## ४.२ सामाजिक परिचालन

**श्रोत व्यक्ति : श्री जनक कार्की, परियोजना संयोजक**

यस सेसनमा श्रोत व्यक्तिले सामाजिक परिचालन के हो, सामाजिक परिचालनका पक्षहरु, च्भिऋत



विधि, सामाजिक परिचालमा आवश्यक गुणहरु, चेपाङ्ग महिला पैरवी मञ्च के हो , यसको कार्यहरु के के हुन्छ भन्ने बारे विस्तृत रुपमा जानकारी प्रदान गनुभयो ।

सामाजिक परिचालन समुदायका सदस्यहरूले आफ्नो दैनिकीमा भोगेका अप्ठेरा र कठिनाइहरूलाई सजिलोमा बदल्न एक आपसमा छलफल गरी सामुहिक रुपमा उपायहरूको खोजी गरिने प्रयास र तरिका हो ।

समुदायका सवै सदस्यहरूको सक्रीय सहभागिता, समुदायका सवै सामुहिक काम कुराहरूमा पारदर्शिता, सुशासन तथा समुदायका सवै छलफल र निर्णयहरूमा सवैको समान पहुँच र समान हैसियत सामाजिक परिचालनका महत्वपूर्ण पक्षहरू हुन ।

रुपान्तरणीय प्रणालीको सामाजिक परिचालनले**च्भिऋत**बिधि रप्रकृयाको प्रयोग गर्दै सवै नागरिक विशेष गरेर गरिबी र वञ्चितिमापरेका परिवार, महिला तथा वालवालिकाहरूलाई निम्न कुराहरूमा सहयोग पुऱ्याउँछ (

- नागरिक कर्तव्य र अधिकार बारे बोध गराई कर्तव्य पालना रअधिकार दावी गर्न सक्ने आवश्यक क्षमताको बिकास,
- स्थानीय योजना तर्जुमा प्रकृयाका सवै चरणहरूमा अर्थपूर्णसुशासन,पारदर्शीताका साथै सहभागिताको सुनिश्चितता, र
- स्थानीय स्तरमा सरकारी तथा गैह्र सरकारी निकायहरूवाटउपलब्ध सेवा र सुबिधामा पहुँच बृद्धि, आदि ।

**सामाजिक परिचालकमा आवश्यक व्यक्तिगत गुणहरू के के हुन सक्छन् भन्दा सहभागीहरुबाट आएका केही बूधाहरु**

- समय पालक
- कर्तव्य प्रति प्रतिवद्ध
- स्वतन्त्र रुपमा निर्णयहरू लिन सक्ने क्षमता भएको
- उच्च नैतिक चरित्र भएको सकारात्मक
- नेतृत्व गर्नसक्ने क्षमता भएको
- समुदायसंग घुलमिल हुन सक्ने क्षमता भएको
- समुदायकालागि भरपर्दो र विश्वासिलो
- लैङ्गिक संवेदनशील
- धैर्यवान

- विषयवस्तु सम्वन्धी आवश्यकज्ञान र सीप भएको
- समुदायका सदस्यहरूमाउत्प्रेरणा जगाउनसक्ने क्षमताभएको
- विश्लेषण र तार्किक क्षमताभएको
- परिश्रमी एवम् उत्प्रेरित भईकार्य गर्ने
- लक्षित समूह जस्तै विपन्न र वञ्चितमा परेका परिवारहरूप्रति अझ खास गरेर महिला र बालबालिकाहरू प्रति हेर्ने सकारात्मक दृष्टिकोण भएको

# ५ . तालीमको चौथो तथा अन्तिम दिन



प्रतिवेदन तथा मूल्याङकन समूहका साथीहरुले तेस्रो दिनको तालिमको प्रतिवेदन पेश गर्नुभयो । श्रोत व्यक्ति जनक काकीले To Young to Marry भन्ने शीर्षकको मीना कार्टुन देखाउनुभयो ।

## ५.१ चेपाङ्ग महिला पैरवी मञ्च

श्रोत व्यक्तिले चेपाङ महिला पैरवी मञ्चको कसरी गठन गर्ने, समूहमा को को हुनुपर्ने, कुन कुन गा.वि.समा कति कति वटा समूह हुनुपर्ने , स्थानिय गाउँ ठाउँमा भइरहेको समूहलाईलाई नै चेपाङ महिला पैरवी मञ्च बनाउने आदिबारेमा विस्तृत जानकारी दिनुभयो ।

श्रोत व्यक्तिले चेपाङ महिला पैरवी मञ्चमा छलफल गर्ने विषयहरु के के हुन सक्छन् भनी छलफल गराउँनु भयो ।

- चेपाङ्ग महिलाहरुको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तिकरण गर्ने सम्बन्धमा
- सामाजिक जवाफदेहिता र यसको विधिको वारेमा
- स्थाानिय स्वायत्त शासनको विभिन्न पक्षमा सहभागिताको लागि चेपाङ्ग महिलाहरुको ज्ञान र शिपको अभिबृद्धी गर्ने सम्बन्धमा
- चेपाङ्ग महिलाहरुको विकास तथा राजनैतिक सहभागिताकोलागि विभिन्न सरोकारवाला निकायहरुको जवाफदेहितामा अभिवृद्धी गर्ने सम्बन्धमा
- स्थानिय योजना तर्जुमा र कार्यान्वयणको प्रकृयामा चेपाङ्ग महिलाहरुको सहभागिता अभिबृद्धी गर्न सरकारी निकाय र चेपाङ्ग महिलाहरुविच नियमित संवाद र सहकार्य गर्ने सम्बनधमा
- स्थानिय समुह, राजनैतिक दलमा चेपाङ्ग महिलाहरुको सहभागिता अभिबृद्धी गनेसम्त्रन्धमा ।

- चेपाङ्ग किशोर,किशोरी तथा बाल बालिकाका शिक्षा स्वास्थ्य लगाएत अन्य समस्याहरू र वालवालिकाकोअधिकार बारे छलफल गर्ने ।
- नागरिक अधिकार र कर्तव्यका कुराहरु गाविस, जिविस लगायत अन्य गैर सरकारी संघ संस्थाले दिने सेवा सुविधा तथा त्यसको प्रभावकारीताको बारेमा

## ५.२ परियोजनाको अपेक्षित उपलब्धी

श्रोत व्यक्ति जनक कार्कीले परियोजनाका अपेक्षित उपलब्धि, सूचक तथा आशातित नतिजाको बारेमा सहभागीहरुलाई बताउदै भावी कार्ययोजना यही कुराहरुलाई लक्ष्य गरेर बनाउन लगाउनुभयो । यस कार्यक्रमका अपेक्षित उपलब्धिहरु यस प्रकार रहेका छन्:

**अपेक्षित उपलब्धि १ :** स्थानिय स्वायत्त शासनका विभिन्न पक्षमा सहभागिताको लागि चेपाङ्ग महिलाहरुको ज्ञान तथा शिपको अभिवृद्धि भएको हुनेछ ।

**अपेक्षित उपलब्धि २ :** चेपाङ्ग महिलाको विकास तथा राजनैतिक प्रक्रियामा सहभागिता प्रवर्धनका लागि सरोकारवाला निकायहरुको जवाफदेहितामा अभिवृद्धि भएको हुनेछ ।

**अपेक्षित उपलब्धि ३ : स्थानिय योजना तर्जुमा र कार्यान्वयनको प्रक्रियामा चेपाङ्ग महिलाको सहभागिता अभिवृद्धि गर्न सरकारी निकाय र चेपाङ्ग महिलाहरु विच नियमित संवाद र सहकार्य अभिवृद्धि भएको हुनेछ ।**

सहभागीहरुले यसै लक्ष्यलाई मध्यनजर गर्दै भावी योजना आ-आफ्नो समूहको कार्ययोजना निर्माण गरे ।

## ५.३ तालीम समापन समारोह

तालीमको अन्तिम दिन भनेको अनौपचारिक तालीम समापन समारोह आयोजना गरियो । प्रत्येक गा.वि.सका एक एक जना सहभागीहरुले तालीमको बारे आ-आफ्नो धारणा व्यक्त गरेका थिए । उनीहरुले तालीमले आफूलाई धेरै कुरा सिकाएको र आफू जाने वितिकै चेपाङ महिला पैरवी मञ्च गठन प्रक्रियामा लाग्ने र आफूलाई कार्यक्रम आयोजना गर्दा डेक नेपालको सहयोग चाहिने भनी आफ्नो धारणा व्यक्त गरेका थिए । डेक नेपालका अध्यक्ष श्री शिक्षा श्रेष्ठ र साप नेपालका कार्यकारी निर्देशक श्री नरेन्द्र प्रसाद जोशीले सहभागीहरुलाई तालीमको प्रमाण पत्र वितरण गर्नुभयो साथै समूह फोटो साथै प्रत्येक स्थानीय श्रोत व्यक्तिहरुको फोटो पनि खिचिएको थियो । डेक नेपालका अध्यक्ष श्री शिखा श्रेष्ठले सबै सहभागीहरुलाई यस्तो विशम परिस्थितीमा पनि धर्यधारण गरी तालीम लिनुभएकोमा सभागीहरुलाई धन्यवाद दिंदै तालीमा सिकेका कुराहरुलाई आआफ्नो समुदायमा गई उतारर्नुनै हुनेछ र चेपाङ महिलाहरुको स्थितीलाई के माथि पुऱ्याउने हुनेछ भन्ने आशा व्यक्त गर्दै तालीमको समापनको घोषणा गर्नुभयो ।